# जुगल गाउँपालिका

# स्थानिय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ७ | संख्या ३ | कार्यपालिकाबाट स्वीकृत २०८१।११।०८ |

## भाग २(ङ)

## उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

जुगल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बराम्ची सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

**प्रस्तावना :** जुगल गाउँपालिकाका आर्थिक रुपले विपन्न महिलाहरुको जीवनस्तर सुधारका लागि आयमुलक कार्यक्रमहरु एकिकृत रुपमा सञ्चालन गरी सार्वजनिक रुपमा पहुँच अभिबृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम मार्फत आवश्यक सशक्तिकरण कार्यक्रम तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले जुगल गाउँपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

**१) सक्षिप्त नाम र प्रारम्भ :** १) यस निर्देशिकाको नाम उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम सञ्चालन निर्दशिका, २०८१ रहेको छ ।

२) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२) परिभाषा :** विषय र प्रसंगले अन्य अर्थ नलागेमा,

क) **अनुदान** भन्नाले यस कार्यक्रम मार्फत उपलब्घ हुने अनुदान सम्झनु पर्छ ।

ख) **लाभग्राही** भन्नाले कार्यक्रमबाट प्रत्यक्ष लाभलिने महिलाहरुलाई सम्झनु पर्छ ।

ग) **कार्यक्रम** भन्नाले उपाध्यक्षसँग महिला उद्ममी कार्यक्रम सम्झनु पर्छ ।

घ) **समिति** भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

ङ) **गाउँपालिका** भन्नाले जुगल गाउँपालिकालाई सम्झनु पर्छ ।

च) **वडा** भन्नाले जुगल गाउँपालिकाको सात वटै वडा सम्झनु पर्छ ।

**३) उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहायबमोजिम रहेको छ :

क) आर्थिक सामाजिक रुपले महिला उद्यमीहरुलाई सशक्त बनाउनु ।

ख) आयमूलक कार्यक्रम सञ्चालन गरी महिलाहरुको जीवनस्तरमा सुधार गर्नु ।

ग) आयोजना तर्जुमा र प्राथमिकीकरणलाई सुनिश्चित गर्नु ।

घ) बजेट निकासा र खर्चलाई पारदर्शी तथा वस्तुनिष्ठ बनाउनु ।

ङ) स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्नु ।

च) कार्यक्रम तर्जुमा र व्यवस्थापनलाई सरल, पारदर्शी र व्यवस्थित गरी कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तथा उत्तरदायी बनाउनु ।

छ) अनुदान उपलब्ध गराउने आधार र प्रक्रिया स्पष्ट पार्नु ।

ज) कार्यक्रम कार्यान्वयनमा तादत्म्यता तथा एकरुपता कायम गर्नु ।

४) **लाभग्राही :** यो कार्यक्रम महिला उद्यमी, महिला समूह, आमा समूह, महिला व्यवसायी, महिला सहकारीहरूमा मात्र सञ्चालन गरिनेछ ।स्थानीय उद्यम विकास समितिको निर्णय भई सिफारिस भएका लाभग्राही पनि यस अन्तर्गत पर्नेछन् ।

५) **लागत साझेदारी :** कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको तर्फबाट अधिकतम असी प्रतिशत र लाभग्राहीको न्यूनतम बीस प्रतिशत लागत सहभागिता रहनेछ ।

६) **लाभग्राही छनोट समिति :** लाभग्राही छनोटको लागि निम्नानुसार समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | – | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| ग) महिला कार्यपालिका सदस्य १ जना | – | सदस्य |
| घ) महिला बालबालिका शाखा प्रमुख | – | सदस्य |
| ङ) उद्यम विकास शाखा प्रमुख | – | सदस्य सचिव |

**७) समितिको काम, कर्तव्य र अधिकार** : लाभग्राही छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क० लाभग्राही छनोट प्रक्रियाको लागि १५ दिनको सूचना जारी गर्ने ।

ख० निवेदन, प्रस्तावना, लाभग्राही दर्ता तथा नविकरण, मेड्पा तालिम प्रमाणपत्र लगायत आवश्यक कागजात संकलन तथा जाँचबुझ गर्ने ।

ग० कार्यक्रम सञ्चालनको लागि सम्भावनाको स्थलगत अध्ययन गर्ने ।

घ० दफा ८ बमोजिम लाभग्राही छनोट गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

**७) कार्यक्रम सञ्चालनका क्षेत्र** : यो कार्यक्रम देहाय बमोजिमका क्षेत्रहरूमा सञ्चालन गरिनेछ ।

क) कृषि तथा पशुपालन

ख) गलैंचा बुनाई

ग) सिलाई, बुनाई कटाई

घ) घरेलु उद्योग

ङ) होम स्टे सञ्चालन

च) स्थानीय उद्यम विकास समितिले निर्णय गरेका अन्य क्षेत्रहरु

**८) लाभग्राही छनोटका आधारहरु** : १) लाभग्राही छनोटका आधारहरु देहाय बमोजिम कुल ५० पूर्णाङ्कको हुनेछ ।

क) मेड्पा मोडेलको तालिम लिएको लाभग्राही—१० अंक

ख) कम्तिमा १ वर्षदेखि निरन्तर व्यवसायमा संलग्न व्यक्तिगत लाभग्राहीको हकमा—५ अंक वा कम्तिमा २० जनाको सामूहिक लाभग्राहीको हकमा—१० अंक

ग) दलित वा अपांग वा एकल महिला समावेश भएको लाभग्राही—५ अंक

घ) गाउँपालिकामा दर्ता र नविकरण भएका लाभग्राही—१० अंक

ङ) लाभग्राहीको तर्फबाट कम्तीमा २० प्रतिशत साझेदारी—१५

**९) कार्यक्रम सञ्चालन प्रक्रिया :** १) प्रत्येक वर्ष कार्त्तिक महिनाभित्र सूचना प्रकाशन गरी लाभग्राही छनोट समितिमा पेश गर्नुपर्नेछ ।

२) लाभग्राही छनोट समितिले मंसिर महिनाभित्र लाभग्राही छनोट गरी कार्यपालिकामा पेश गर्नुपर्छ ।

३) छनोट भएका लाभग्राहीहरुले सम्झौता गरी पौष महिनाबाट कार्यक्रम सुरु गर्नुपर्नेछ।

**१०) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन :** १) लाभग्राहीको कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गाउँपालिका स्तरको अनुगमन समितिले नियमित अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

२) अनुगमन तथा मूल्यांकन समितिले यो निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**११) वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन :** १) कार्यक्रम कार्यान्वयन गर्न प्रत्येक वर्ष गाउँपालिकाले उपाध्यक्षसँग महिला उद्धमी कार्यक्रम शीर्षकका लागि बजेट छुटयाउने छ ।

२) कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन गर्नुपर्नेछ ।

**१२) व्याख्या :** यो निर्देशिका कार्यान्वयनको क्रममा कुनैपनि दुविधा वा अस्पष्टता भएको पाइएमा त्यसको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।